# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असोज २२ गते २०५५ साल (अतिरिक्ताङ्क ४५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा सांसद श्री मिर्जा दिलसाद वेगको मृत्यु भएको घटनाका सम्बन्धमा गठित न्यायिक जाँचबुझ आयोगको निर्धारित कार्यावधि मिति २०५५।६।२२ सम्म रहेको र आयोगको काम अझै बाँकी रहेको हुँदा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ४ को उपदफा (२क) अनुसार आयोगको कार्यावधि समाप्त हुने मिति २०५५।६।२३ देखि २०५५।७।२२ सम्म पुनः एक महीनाको कार्यावधि थप गरिबक्सन आयोगबाट जाहेर हुन आएको र मन्त्रिपरिषद्बाट पनि सोही अनुसार कार्यावधि थप गरिबक्सन जाहेर गरेको व्यहोरासमेत जाहेर हुँदा मौसूफबाट कार्यावधि समाप्त हुने मिति २०५५।६।२३ देखि २०५५।७।२२ सम्म एक महीनाको लागि आयोगको कार्यावधि थप गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

५८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।